**Voice : A Biannual & Bilingual Journal**
*2023 December, Vol : 15, No. 2, pp.134-141*
DOI : https://doi.org/10.3126/voice.v15i2.61457

# नेपाली राजनीतिमा वी.पी.कोइराला र उनको दर्शन, समिक्षात्मक अध्ययन

अर्जुन प्रसाद पोखरेल[1]

Article History: Received: September 10, 2023 Reviewed : November 15, 2023 Accepted: December 18, 2023

**सारसङ्क्षेप**

विश्वेश्वरप्रसाद कोइराला नेपालका प्रख्यात राजनीतीक नेता तथा विचारक थिए । नेपालको राजनीतिक परिवेश निर्माणमा उनको महत्वपूर्ण भूमिका रह्यो । कोइराला प्रजातान्त्रिक समाजवादका कट्टर पक्षधर थिए, जुन एक राजनीतिक विचारधारा हो जसले उत्पादनका साधनको सामाजिक स्वामित्वमा लोकतन्त्रका सिद्धान्तहरू जोड्न खोज्छ। बी.पी. कोइरालाले सामाजिक-आर्थिक समानताको आवश्यकतामा जोड दिँदै यो लक्ष्य हासिल गर्न लोकतान्त्रिक सिद्धान्तको प्रयोगमा विश्वास व्यक्त गरे । नेपालको लोकतान्त्रिक आन्दोलनमा महत्वपूर्ण भूमिका खेल्ने राजनीतिक दल नेपाली कांग्रेसको स्थापनामा उहाँ प्रमुख व्यक्तित्व थिए । कोइरालाको लोकतान्त्रिक समाजवादी विचारले समाजमा व्याप्त सामाजिक-आर्थिक असमानतालाई लोकतान्त्रिक माध्यमबाट सम्बोधन गर्ने लक्ष्य राखेको थियो । उनको विचारले नेपालको राजनीतिक परिस्थितीलाई प्रभाव पारेको थियो र उनले एक पटक नेपालको प्रधानमन्त्री भइ अल्पकालीन समय सरकार सञ्चालन समेत गरिसकेका थिए। बी.पी. कोइरालाको विरासतमा नेपालको राजनीतिको सन्दर्भमा लोकतन्त्र, सामाजिक न्याय र आर्थिक समानताको प्रवर्द्धन गर्ने प्रयासहरू समावेश छन् ।

**शब्दकुञ्जी :** समाजबाद, राजनिती, लोकतन्त्र, शासन व्यवस्था

[1]उपप्राध्यापक, त्रिभुवन विश्वविद्यालय, महेन्द्र बहुमुखी क्याम्पस नेपालगंज
इमेल : pokharelarjunprasad@gmail.com

ISSN : 2091-2161
©The Author(s)

Published by Autar Dei Chaudharain Research Centre (ADCRC), Mahendra Multiple Campus, Nepalgunj, Banke

The open access article is distributed under a Creative Common Attribution (CC BY-NC 4.0) licence.

## पृष्ठभुमी

पश्चिम नेपालको उब्जाउ भुमी ०३ नं लमजुङ्ग कोईराला जातको रुखहरु रहेको फाँट अर्थात कोईराला फाँटमा जमिन जोतकोड गरी खेति किसान गरेका ब्राह्मण परीवार नै बी.पी. कोईरालाको पुर्वज ब्राह्मण परिवार लाई पछि गएर कोइराला ब्राह्मण हुन पुगेको भनिन्छ । यीनै विस्तारै फैलिदै परीवार वृद्दि हुदै गए पछी यस ठाउँवाट परीवारको केही सदस्यहरु अन्यत्र बसोवास गर्ने क्रममा मकवानपुर हुँदै पूर्व २ न. कोशी क्षेत्र दुम्जामा स्थाइ रुपमा वसोवास गर्दै आएका नन्दकिशोर कोईराला (हजुरवुवा) वाट चार सन्तानको जन्म भएको देखिन्छ । यी चार सन्तानहरु, सुब्बा कालीदास, सुब्बा नारायण प्रसाद, हिरालाल, मध्ये कान्छा छोरा कृष्ण प्रसाद कोईराला वी.पी.का पिताजी थिए । केही वर्ष पछी हजुरवुवा नन्द किशोरको मृत्यु भएकाले हजुरआमा सहित कृष्ण प्रसाद जनकपुरमा वसाईसराइ गरे । पठन पाठन क्रममा जेठा दाजु सुब्बा कालिदासको संरक्षकत्वमा काठमाडौ वसी अध्ययन गरेका थिए । यसै क्रममा युवा कृष्ण प्रसादको विवाह भयो तर जीवनको नयाँ सम्बन्धले पुर्णता प्राप्त गर्न नपाउदै श्रीमतिको प्रसव कालमै निधन हुन पुग्यो ।

क्रुर एक तन्त्रिय शासनको मातहतमा सरकारी सेवामा जागिर नखाने सोच राखेका कृष्ण प्रसाद वाध्य भएर सरकारी सेवाको खरिदार पदमा जागिर खान पुगे । पछि जेठा दाजु सुब्बा कालिदास पूर्वि नेपालको मोरङ्गमा हाकिम भई खटिएकोले दाजु सगै खरदार जागिर छोडी सँगै मोरङ्ग गए पश्चात कोइराला भ्राताहरुको आर्थिक स्थीती सुदृढ हुँदै गएको वुझिन्छ । यसै क्रममा कृष्ण प्रसादद्वारा गोग्राहा बजार (हाल बिराटनगर) मा आफ्नो घर वनाई बसोवास गर्न थाले । बिराटनगर बजार र तेस क्षेत्रमा कृष्ण प्रसादको समाजसेवी कार्य, बौद्दिक व्यक्तित्व र बैभवले लोकप्रीयता सहितको सफलता प्राप्त गर्न सफल भएका थिए । यसै अवधिमा कृष्ण प्रसादद्वारा दोस्रो विवाह काठमाडौका ब्राह्मण योगी पुत्री मोहन कुमारी संग गरे यीनबाट मातृका प्रसाद कोइरालाको जन्म भयो (जो पछी गएर नेपाली जनताको छोरा प्रथम प्रधानमन्त्री बन्ने अवसर पाए) ।

कृष्ण प्रसाद कोइरालाद्वारा सप्तरीको चन्द्रगन्ज भन्सारमा ठेक्का प्रचलन अनुसार ठेक्का व्यपार कार्यमा चरम सफलता पाउदै थिए । यीनले आफुलाइ सहयोग गर्ने कार्यका लागि पढाइ लेखाइमा दक्ष भएकी जीवन संगिनीको आवश्यकता भएकाले तत्कालिन परिस्थीमा पुन: कर्णेल गंगा वस्नेतका आचार्य गुरु कन्या दिव्यासंग तेस्रो विवाह गरे । कान्छी श्रमति दिव्यबाट ८ सेप्टेम्वर १९१४ अर्थात बिक्रम सम्बत १९७१ भाद्र २४ गते वी.पी. को वनारसमा शल्यक्रियाको माध्यमवाट जन्म हुन पुग्यो यीनको जन्मानुसार न्वारनको नाम चुडामणि भएपनी ठुलाबुबा सुब्बा कालीदासलाई चित्त नबुझेकाले वनारस बिश्वनाथको प्रसाद स्वरुप बिश्वेश्वर प्रसाद नामाकरण गरे यस पर्यन्त बिश्वेश्वर नामबाट बोलाउन थलियो ।

यस पश्चात विराटनगरमा कृष्ण प्रसाद कोइरालाद्वारा बिद्यालय, अस्पताल, बाटोघाटो, पौवा, कुवा, लगाएत समाजिक आवश्यकता पुरा गर्ने समाजिक कार्यमा दत्तचित्त भएर लागे । विस्तारै गरिव गुरुवाहरुको पक्षमा कल्याण कार्य गर्ने एकतन्त्रियशासन विरुद्ध गतिविधि वढाउने लगाएत तत्कालिन शासक चन्द्र सम्शेरलाई जन्मदिन पारी देशको दयनीय स्थीति वताउन व्यङ्ग गर्दै गरिबको फाटेका झुत्रा जुम्रा परेका कपडाहरु पार्सल गरि दरवारमा पठाउने जस्ता क्रन्तिकारी कार्यहरु गर्ने हठि स्वभावका कोइराला माथी चन्द्र शम्शेर राणाको कुदृष्टिको शिकार भइ देशमा रहेको सवै सम्पति समेत छाडी सर्वस्व सहित निर्वासन हुनु परेको थियो । यो प्रवासको समयमा वी.पी.कोइराला जम्मा ४ वर्षका बालक थिए । यसरी बुवा कृष्ण प्रसाखदसंगै प्रवासमा बनारस, कलकत्ता, टेढी (भागलपुर), बेतिया, जयनगर, बम्बई आदि स्थानमा भौतारिदै जीवन विताउनु परेको देखिन्छ । चन्द्र शमशेरको मृत्यु पछी नेपालमा भिम शमशेरको शासन शुरु भएकोले कोइराला परीवारलाई नेपाल फर्किने अवसर प्राप्त भयो र सपरीवार नेपाल फर्केका थिए तर पिताजी कृष्ण प्रसादको सुधारवादी तथा क्रान्तिकारी छवीका कारण राणाहरुलाई सहन भएन र पुन: जेलमा कैद गरियो र दुर्भाग्यवस सन १९४५ जनवरी अर्थात वि.स. २००१ पौष महिनामा जेलमै क्रन्तिकारी पिताको मृत्यु भयो । यति वेला बी.पी.कोईराला अग्रेज विरुद्धको भारत छोडो आन्दोलनमा सरिक भएकाले हजारीबाग जेलमा

राजनैतिक बन्दिका रुपम रहेका थिए । पिताजी कृष्ण प्रसाद बुद्रि, विवेक, कुटनीतिक आदिले वैभव त थिए नै संगै पुत्रहरुका धनि थिए । यीनका छोराहरु क्रमशः १ मातृका प्रसाद २ बिश्वेश्वर प्रसाद ३ हरीहर प्रसाद, ४ केशव प्रसाद, ५ तारिणी प्रसाद र ६ गीरिजा प्रसाद कोइराला ।

बाल्यकाल तथा शिक्षा

७ वर्षको कलिलो उमेरमा भारतको स्वतन्त्रता आन्दोलनलाई सघाउने सरकारी स्कुल बहिष्कार आन्दोलनमा सरिक भएर अञ्जानमै राजनीतिमा नाउँ लेखाउन पुगेका बी.पी.को जीवनको पृष्ठभूमिमा राजनीतिको गहिरो प्रभाव परेको पाइन्छ । बी.पी.को परिवार, उहाँका हजुरबा नन्दिकेशर कोइराला, ठूलाबा कालिदास कोइराला, पिता कृष्णप्रसाद कोइराला, माता दिव्या कोइराला र परिवारका अग्रजहरूमा संस्कारका रूपमा विकसित हुँदै आएको राजनीति र समाजसेवाको राम्रो प्रस्फुटन बी.पी. कोइरालमा आएर भएको कुरा बुभ्न गाह्रो पर्दैन । कोइरालाहरू नेपालको शासन सत्ताको कुनै न कुनै पक्षलाई सेवा दिने गरी कार्यरत थिए । काजी दामोदर कोइराला मकवानपुर दरबारका काजी अर्थात् त्यस राज्यका प्रधानमन्त्री नै थिए भने नन्दकिशोर कोइराला बी.पी.का हजुरबा र ठूलाबा कालीदास डिट्ठा थिए । पिताजी पनि केही समय खरदार भएकाले जीवनभर उहाँको नाउँको अगाडि खरदार उपाधि जोडिइरह्यो । यसप्रकार नेपालको शासनलाई नजिकबाट नियालिरहेका कोइराला वंशकै बी.पी.मा राजनीतिको संस्कार अन्नजलजस्तै पेय बनेर आएको कुरा बी.पी. स्वयंले नै स्वीकार गरेका छन् । तर, शासनसत्ताले अवलम्बन गरेको जनविरोधी बाटो र त्यसको पृष्ठपोषण गर्ने चरित्रका विपरीत जनभावनाको कदर गर्ने, नागरिक चेतना र अधिकारको पक्षमा बोल्ने र समाज सुधारको अभियानमा सक्रिय रहने स्वभावका कोइरालाहरू राणाशासन र राजाको सक्रिय शासनमा अटाउन सकेनन् भन्ने कुरा इतिहासले प्रमाणित गरेको छ । राजनीतिको प्रत्यक्ष प्रभावको कुरा गर्दा पिताजी कृष्णप्रसाद कोइराला र उहाँको सामाजिक अभियान महत्वपूर्ण कदम भएर देखा पर्दछ । चन्द्रशमशेरको कोपभाजनमा परी पटक-पटक निर्वासन बेहोर्न पुगेका पिता कृष्णप्रसाद कोइरालाका माहिला सुपुत्र बी.पी.मा पुष्पित र पल्लवित भएर आएको राजनीति र समाज सेवाको भावना नेपालको राजनीतिक इतिहासको महत्वपूर्ण पक्ष बनेको छ भने नेपालको प्रजातान्त्रिक आन्दोलनका पर्याय बनेर बी.पी. कोइराला रहेका छन् । आफ्नो चेतनाको प्रस्फुटन हुँदा अङ्ग्रेज विरोधी अभियानमा सरिक भएका कोइराला १५ वर्षको उमेरमा वि.सं. १९८७ मा पहिलो पल्ट बिहारको मोतीहारी काण्डमा परेर थुनामा परेका थिए । यो जेल जीवन कोइरालाको राजनीतिक जीवनको औपचारिक शुरुआत थियो । बी.पी.ले नेपालको राजनीति गर्नुपूर्व नै वि.सं. १९९२ मा भारतीय काङ्ग्रेस समाजवादी पार्टीको सक्रिय कार्यकर्ताको काम गरेका थिए । भारतीय स्वतन्त्रता अभियानकै क्रममा वि.सं. १९९८ मा बी.पी. मजदूर आन्दोलनका क्रममा दरभङ्गा जेल परेको पाइन्छ भने पुनः वि.सं. १९९९ मा अङ्ग्रेज भारत छोड आन्दोलनमा पक्राउ परी ३ वर्ष जेलमा बसेर वि.सं. २००३ सालमा जेलबाट छुटेको पाइन्छ । प्रजातन्त्र र स्वतन्त्रताको भावनाबाट प्रेरित भएका बी.पी. त्यसपछि मात्र नेपालको राजनीतिका राणाविरोधी अभियानमा सक्रिय भएका थिए । नेपालबाट निर्वासित भई भारतको बनारस, कलकत्ता, बिहार, पटनालगायत ठाउँमा बस्दै आएका विभिन्न व्यक्तिहरू र आफ्नै परिवारको अवस्थाबाट परिचित कोइरालाले नेपालमा राणाशासनको अन्त्य र प्रजातन्त्रको स्थापना गर्ने उद्देश्य राखी सन् १९४६ को 'नेपाल आह्वान' भनेर एउटा लेख लेखी विभिन्न पत्रिकाहरूमा छपाएर भारतका विभिन्न ठाउँमा बसेका नेपालीहरूलाई जगाउने र नेपालका निम्ति के गर्न सकिन्छ भनेर सल्लाह गर्ने काम गरे । त्यसपछि वि.सं. २००३ साल कार्तिक १५ गते श्री देवीप्रसाद सापकोटाको सभापतित्वमा अखिल भारतीय नेपाली राष्ट्रिय काङ्ग्रेसको स्थापना गरी बी.पी. त्यस सङ्गठनको संयोजक भए । सोही साल माघ १२ र १३ गते कलकत्ताको भवानीपुरस्थित खालसा कलेजमा भएको ठूलो सम्मेलनले नेपाली राष्ट्रिय काङ्ग्रेसको स्थापना गर्‍यो, त्यसको सभापति टङ्कप्रसाद आचार्यलाई बनाइयो । उनी राणाविरोधी गतिविधिमा संलग्न भएका कारण काठमाडौंमा जेल जीवन बिताइरहेका हुनाले का.वा. सभापतिका रूपमा बी.पी. छानिए । त्यसको लगत्तै विराटनगर जुट मिलका मजदूर कर्मचारीहरूले उद्योग सुधारको बहाना बनाएर राणाविरोधी आन्दोलनको थालनी गरे, जुन जुट मिल आन्दोलनका नाउँले प्रसिद्ध भयो । यसको नेतृत्व

मजदूर नेता गिरिजाप्रसाद कोइरालाले गरेका थिए भने आन्दोलनको सम्पूर्ण योजना बी.पी. कोइरालाले गरेका थिए। माता दिव्या कोइरालासमेत जुट मिल आन्दोलनमा पक्राउ पर्नुभएको थियो भने बी.पी.लाई विराटनगरमा पक्रिएर पैदल काठमाडौं ल्याई थुनिएको थियो । स्वतन्त्रता आन्दोलनकै सिलसिलामा पुनः २००५ सालमा बन्दी बनाइएका बी.पी.ले २९ दिन लामो आमरण अनशन गरेर व्यवस्थाको विरुद्धमा आफ्नो अभियानलाई सक्रिय तुल्याएका थिए। २००६ सालमा नेपाली राष्ट्रिय काङ्ग्रेस र नेपाली प्रजातान्त्रिकको एकीकरणपछि स्थापना भएको नेपाली काङ्ग्रेस आजसम्म क्रियाशील नेपालको एक मात्र प्रजातान्त्रिक पार्टी र शक्ति हो, जसमा बी.पी. कोइराला, किसुनजीजस्ता चिन्तक, गणेशमान सिंहजस्ता साहसी योद्धा, गिरिजाप्रसाद कोइरालाजस्ता सङ्गठकहरूको बलिदानी योगदान गरेको छ। २००६ सालमा गठन भएको नेपाली काङ्ग्रेसले राणाविरुद्ध सशस्त्र आन्दोलन गर्ने भएपछि बी.पी. कोइरालाले त्यस आन्दोलनको नेतृत्व लिए, फलस्वरूप २००७ सालमा प्रजातन्त्र बहाली भयो। क्रान्तिकारी शक्तिको नेतृत्व गर्दै राजा, राणा र काङ्ग्रेसको संयुक्त सरकारको गृहमन्त्री भएका बी.पी.लाई राजनीतिक षडयन्त्र गरी २००८ सालमा राजीनामा गर्न बाध्य पारियो । देश र जनताप्रति इमानदार र बफादार बी.पी. २००९ सालको जनकपुर अधिवेशनबाट पार्टी सभापति भए। २०१२ सालको वीरगञ्ज अधिवेशनले बी.पी.को समाजवादी नीति पास गरेपछि बी.पी. प्रजातान्त्रिक समाजवादी आन्दोलनका अगुवा बनेर परिचित हुन थाले। २०१४ सालको भद्र अवज्ञा आन्दोलन सत्याग्रहको सफलता र २०१५ सालको आम निर्वाचनपछि नेपाली काङ्ग्रेसको अत्यधिक ठूलो विजयको नेतृत्व गर्दै बी.पी. २०१६ साल जेठ १३ गते नेपालको इतिहासमा प्रथम जननिर्वाचित प्रधानमन्त्री बन्न पुगे। काङ्ग्रेसको समाजवादी नीतिलाई कार्यरूप दिने प्रयत्न गर्दागर्दै २०१७ साल पुस १ गते नेपाली काङ्ग्रेसको सरकारलाई समाप्त गरी बी.पी.लाई जेल हालियो। २०२५ सम्म आठवर्षे कारावासको कठोर घडीमा बी.पी.ले नेपाली साहित्यको श्रीवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याए। २०२५ सालमा जेलबाट छुटेपछि क्यान्सर रोगको उपचारार्थ बेलायत गई फर्केपछि बी.पी.को दोस्रो निर्वासनमा ८ वर्ष बिताएर २०३३ पुस १६ गते राष्ट्र र राष्ट्रियता खतरामा रहेको महसुस गरी राष्ट्रिय मेलमिलापको नीति लिई नेपाल फर्के पनि तत्कालीन पञ्चायती सरकारले बी.पी.को राष्ट्रवादी भावनाको अपमान गर्दै बी.पी.लाई पुनः बन्दी बनायो, विभिन्न मुद्दाहरू लगाएर जेलमै सडाउन खोज्यो । तर, बी.पी.ले आफ्ना सबै मुद्दामा आफै बहस गरेर योग्यता, क्षमता र निर्दोषताको परिचय दिए। बी.पी.को अदालतको बयान विशेष महत्वपूर्ण दस्तावेजका रूपमा अदालतको इतिहासमा सुरक्षित छ। मुलुकभर चर्किएको प्रजातन्त्र र स्वतन्त्रताप्रेमीहरूको दबाबस्वरूप २०३६ सालमा जनमतसङ्ग्रह भए पनि बहुदलवादीहरूलाई पराजित गरियो। जेजस्तो भए पनि चुनावको परिणामलाई हामी प्रजातन्त्रवादीहरूले स्वीकार्नुपर्छ भनी व्यापक विरोधका बाबजुद पनि बी.पी.ले चुनावको परिणामलाई स्वीकार गरेर हुन जाने अनिष्टबाट देशलाई जोगाए भने पञ्चायती निरङ्कुश शैलीको २०३८ सालको राष्ट्रिय पञ्चायतको निर्वाचन बी.पी.ले अस्वीकार गरे। केही साथीहरूले त्यसको समर्थन गरेर गए पनि परिणाम राम्रो भएन। यसरी जीवनको लगभग ६० वर्ष नै नेपाल र भारतको स्वतन्त्रता र प्रजातन्त्रको लडाईका निम्ति समर्पित गरेका महान् नायक बी.पी.को २०३९ साल साउन ६ गते स्वर्गारोहण भयो।

**विचार प्रवाह**

बी.पी.को राजनीतिक जीवनको माथि वर्णन गरिएको इतिहास धेरै महत्वपूर्ण छ भने बी.पी.को राजनीतिक निष्ठा, मूल्य र मान्यता एवम् बी.पी.का राजनीतिक विचारहरू ज्यादै शक्तिशाली एवम् लोककल्याणकारी छन्। बी.पी. आजीवन आफू समाजवादी चिन्तन र व्यवहारमा अडिग रहेका व्यक्ति हुन्। बाल्यकालका आर्थिक अवस्था कमजोर भएका समयमा पनि आफू धैर्यधारण गरी, भरपेट खाना नपाउँदा, खाली खुट्टा एकसरो पातला लुगा लगाएर बनारसका गल्ली चहार्दा वा परिवारको दारुण अवस्थामा पनि जीवनको खास लक्ष्यमा केन्द्रित भएर अघि बढेका बी.पी. स्वतन्त्रता, समानता, मातृत्व र बन्धुत्वको भावना भएका व्यक्ति हुन्। राष्ट्र, राष्ट्रियता, प्रजातन्त्र, समाजवादका मूलभूत मान्यताहरूमा सधैं विश्वास गरेर अविचलित रहिरहने बी.पी.का राजनीतिक विशेषताहरूको बयान निश्चय पनि यहाँ सम्भव हुनेछैन। बी.पी.का आफ्ना केही मान्यता थिए, जसलाई हामी उनका महावाणी

वा वैचारिक दर्शन पनि भन्ने गर्दछौं । साम्यवादमा प्रजातन्त्र थपिदिए समाजवाद हुन्छ, समाजवादबाट प्रजातन्त्र झिकिदिए साम्यवाद हुन्छ भनी बी.पी.ले साम्यवाद र समाजवादका बीचमा स्वतन्त्रताको अन्तर छ भनेर गरेको परिभाषा होस् वा राष्ट्रियता माटो होइन, यथार्थमा जनताको सामूहिक भावना हो भनेर राष्ट्रियताको खोक्रो नाराले राष्ट्रियता झल्किँदैन, बरु त्यसमा जनताको राष्ट्रप्रेमी भावनाको वासना र कदर हुनुपर्छ भनी गरेको व्याख्या होस् बी.पी.का उच्च विचारका नमूना हुन् । देश निर्माणमा अग्रसर हुन प्रेरित गर्ने बी.पी.का विचार हुन् वा एकमुठी माटो लिएर सोध्नुहोस् त्यसले जे भन्छ त्यही गर्नुहोस, भन्ने राष्ट्रवादी नैतिकताका कुरा हुन् बी.पी.का राजनीतिक आदर्श हुन् । नेपालको सन्दर्भमा राष्ट्रवाद के हो ? समाजवाद के हो ? नेपालको अर्थतन्त्र कस्तो हुनुपर्ने वा नेपालमा कस्तो किसिमको प्रजातन्त्र आवश्यक छ भन्नेसम्मका प्रश्नका यथोचित तस्वीर लिएर हिड्ने बी.पी. निर्भीक राजनेता थिए । मित्रराष्ट्रसँग आफू र आफ्नो पार्टीको नभएर राष्ट्र, राष्ट्रियता र प्रजातन्त्र र आर्थिक उन्नतिका निम्ति योजना प्रस्तुत गर्ने बी.पी. पाँच दशक लामो क्रान्तिका अग्ला खम्बा हुन् । राष्ट्रियता विनाको प्रजातन्त्र आवश्यक छैन, प्रजातान्त्रिक समाजवाद लोककल्याणकारी राज्य व्यवस्थाको अवधारणा हो । यसका लागि प्रत्येक व्यक्तिमा इमानदारी, त्याग, कर्तव्यपालन, सिद्धान्त र व्यवहारप्रति आस्थावान् हुनुपर्दछ भन्ने भावनाले प्रेरित बी.पी.को संघर्षशील जीवन र बी.पी.का राजनीतिक आदर्शहरू गणतन्त्र स्थापनापछिको वर्तमान समयमा पनि उत्तिकै सान्दर्भिक छन् । नेपालको प्रजातान्त्रिक आन्दोलनका पर्याय बनेका बी.पी.को राजनीतिक जीवनका विशेषता र अभियानलाई बुझ्न उनका र ाजनीतिक विचार र दर्शनको गहिरो अध्ययन र विश्लेषण आवश्यक छ ।

औद्योगिक पूँजिवादी युगमा प्रवेश गर्दै गरेको युरोपमा मार्क्सले लेखेको पुस्तकहरु "पूजीं र कम्युनिष्ट पार्टीको" घोषणापत्रले उथलपुथल ल्याइ दिएको थियो । ति पुस्तकलाई विश्लेषणात्मक अध्ययन गर्दा वि.पि.ले एकातिर आर्थिक समानताका लागि मार्क्सले राखेको विचार उत्साहबर्धक पाए भने व्यक्तिको स्वतन्त्रताप्रति मार्क्सले गरेको उपेक्षाको कारण मार्क्सको राजनीतिक दर्शन अव्यवहारिक र एकपक्षिय रहेको निष्कर्षमा बी.पि. कोइराला पुगेको पाइन्छ । वि.पि. कोइरालाले कार्ल मार्क्सले भन्ने शासन व्यवस्थामा जस्तै आर्थिक समानता र न्याय अनि पूँजीवादी व्यवस्थामा जस्तै स्वतन्त्रता दुबैको सामञ्जस्य हुने व्यवस्था नै नेपाल जस्तै गरिब मुलुकका लागि उपयुक्त हुने निष्कर्ष निकाले । यसलाई राज्यले कसरी व्यवस्थापन गर्न सक्छ भन्ने बारेमा वि.पि.को गहिरो र अनवरत चिन्तनको परिणाम नै नेपाली कांग्रेसले यी दुई आर्थिक र मौलिक अधिकारका आयामलाई प्रजातान्त्रिक समाजवाद नामाकरण गरी वि.सं. २०१२ को विरगञ्ज महाधिवेसनबाट पारित गराइ एउटा समाजवादी पार्टीको रुपमा आफूलाई उभ्याएको हो, यसै सन्दर्भमा बी.पी.ले पेट भर्न नपाइ भोकभोकै रहनुपर्ने ९०५ श्रमजिवी मानिसहरु जबसम्म राज्यको नीति निर्माण गर्नेरशासन सत्ता चलाउने ठाउमा पुग्दैनन् तबसम्म उनीहरु कुनै न कुनै रुपमा शोषित पीडित भैरहन्छन् भन्ने निष्कर्ष निकाले । त्ससपछी बि.पी. कै प्रेरणाले निरन्तर नेपाली काङ्ग्रेसले आफुलाई समाजबादी पार्टीको रुपमा परिभाषित गरिरहेको छ ।

वि.सं. २०१५ सालमा गरिब जनतालाई नै सार्वभौम भनाउने अभियान सहित नेपालको प्रथम जननिर्वाचित प्रधानमन्त्री बन्न सफल भए । बी.पी.को विचारबाट शसङ्कित भई राजा महेन्द्रले वि.सं. २०१७ सालमा बी.पी.लाई पदच्युत गराई नेपालमा पञ्चायत बहाली भएको घटना सबैको दिमागमा ताजै छ । बी.पी कोइराला न राजा सङ्ग डराए न पञ्चायत तर निरन्तर जनताको पक्षमा वकालत गरिरहे । निर्वासन जीवन बिताइरहँदा पनि यिनले नेपाल र नेपालीको उत्थानको निम्ति विभिन्न मोर्चाको निर्माण गर्दै आन्दोलन गरिरहे । पञ्चायती व्यवस्था निरङ्कुश रहेको र यसले जनताको स्वतन्त्रताको हरण भईरहेको बी.पी.को बुझाई थियो । बी.पी.मान्छेको मस्तिष्कले स्वतन्त्र वातावरणमा मात्र काम गर्न सक्ने र मस्तिष्कको खोजको परिणाम यदाकदा जादुमय आविष्कारका रुपमा संसारले प्रतिफल लिन पाउनेकुरा राम्ररी बुझेका थिए । त्यसैले उनी भन्थे 'मानिस ब्रेडले होइन ब्रेनले सञ्चालित हुन्छ' ।

प्रजातान्त्रिक समाजवादलाई व्याख्या गर्नेक्रममा पनि बी.पी. कोइरालाले साम्यवाद र प्रजातन्त्रको जोड घटाउका आधारमा स्पष्ट पार्छन् । बी.पी. भन्ने गर्थे 'साम्यवादमा प्रजातन्त्र थपिदिए समाजवाद हुन्छ र समाजवादमा

प्रजातन्त्र भिकिदिए साम्यवाद हुन्छ’ ।

बी.पी. कोइराला अन्तर आत्मादेखि जति प्रजातन्त्रवादी थिए त्यत्ति नै आर्थिक न्याय र समानताका पनि पक्षपोषक थिए । प्रजातन्त्रलाई जति उनी सभ्य समाज निर्माणको अभिन्न अंग मान्थे, आर्थिक समानतालाई त्यत्ति नै जरुरी ठान्थे । आर्थिक समानता र राजनीतिक स्वतन्त्रताको कुशल समायोजन हुन सके नै राष्ट्रियता वा देशप्रेमको भावना बलियो हुने बी.पी.को ठम्याइ थियो । राजनीतिक स्वतन्त्रता भएमा आर्थिक विकासको काम ढिलो हुन्छ भन्ने सतही निष्कर्षका कारण राजा महेन्द्रले बी.पी. कोइरालालाई सिद्धान्त तिरष्कार गर्न थालेको थिए । यस्तै विषयमा बिवाद हुँदाको परिणाम नै बी.पी. कोइरालाको दुई तिहाइ बहुमत प्राप्त सरकारलाई राजा महेन्द्रले सैन्यशक्तिको बलमा बर्खास्त गरेका थिए । बी.पी. कोइरालाले यस्तो नेपाली समाज निर्माण गर्न खोजेका थिए जहा खाने लाउने, बस्ने, शिक्षा दिक्षाको व्यवस्था, स्वास्थ्य उपचारको अभावमा मर्न नपर्ने अवस्था हरेकका परिवारमा उपलब्ध होस् । उनी भन्थे ‘म चाहन्छु हरेक नेपालीको एउटा घर होस् खान पुग्ने गरी उब्जनी हुने खेतबारी होस एउटारदुईटा दुहुनो गाइ होस छोरा छोरी स्कुल जान सकुन, औषधी उपचार नपाएर मर्न नपरोस् ।

मध्यम वर्गीय परिवारको तत्कालीन अवस्थामा यस्तै आर्थिक सामर्थ्य हुन्थ्यो र बी.पी. कोइराला त्यस्तै घर परिवार भएको समाज बनाउन चाहन्थे । कृषि व्यवसाय र गाउ नेपालको परिवेशमा अभिन्न छन् । बी.पी. कोइरालाको दृढ विश्वास थियो कि गाउमा बस्ने अधिकांश जनताको कमजोर आर्थिक स्तर उकास्न विकासको अभियान गाउमा व्यापक रुपमा लैजानु पर्छ र संगसंगै कृषि व्यवसायलाई यति सबल बनउनु पर्छ कि सबै कृषक फाटेको टोपी लगाउने र हलो जोत्ने अवस्थाबाट उठेर आर्थिक रुपमा सवल र सुदृढ हुन सकुन् । बी.पी. कोइरालाको वि.सं. २०१६ देखिको १८ महिने प्रधानमन्त्रीत्वकाल यस दिशातर्फ निक्कै क्रान्तिकारी कदमहरुका कारण अझै सम्म स्मरणयोग्य छ । बी.पिको यावत् कदमहरुले गर्दा नेपाली काङ्ग्रेस नेपाली जनताको पार्टी हो भन्ने सबैलाई लागेको थियो ।

नेपाली काङ्ग्रेसलाई चिनाउने क्रममा एउटा उदाहरण अत्यन्त उपयोगी छ । एक दिन बी.पी गाउ घुम्ने सिलसिलामा काङ्ग्रेस कार्यकर्तालाई बताउदै ‘काङ्ग्रेसको आर्थिक समानताको सिद्धान्त भनेको खुलस्त पार्दै बी.पी. कोइरालाले नजिकैको एउटा सानो र एउटा ठूलो आंपको रुखलाई देखाउदै भनेछन् ‘काङग्रेसले भनेको आर्थिक समानता भनेको त्यो ठूलो आपको रुखलाई जसले फल दिन्थ्यो, काटेर त्यो सानो जत्रै बनाउने होइन, त्यो सानो रुखलाई धेरै मलजल गरेर त्यो ठूलो रुखलाई जस्तै उत्पादन दिने बनाउनु हो । बी.पी. कोइरालाको एउटा तारिफयो ग्य क्षमता भनेको समय, सन्दर्भ र कार्यकर्ता एवं समर्थकहरुको मनोभावना बुझ्ने क्षमतालाई ख्यालगरी आफ्नो विचार प्रष्टसंग सरल भाषामा बुझाउने कला पनि रहेको देखिन्छ ।

**उपलव्धी**

बी.पी. कोइरालाको लोकतान्त्रिक समाजवादको आन्दोलनले नेपालको राजनीतिमा विशेष गरी २० औं शताब्दीको मध्यमा ठूलो प्रभाव पारेको थियो । उनको प्रजातान्त्रिक समाजवाद आन्दोलन र घटनाक्रमलाई मुख्यतः निम्न आधारमा अध्ययन गर्न सकिन्छ ।

१) नेपाली कांग्रेसको गठन:

बी.पी. कोइरालाको नेपाली कांग्रेसको स्थापनामा अन्य नेतासहित महत्वपूर्ण भूमिका थियो । पार्टीले निरंकुश राणा शासनको अन्त्य गरी नेपालमा प्रजातन्त्र ल्याउने लक्ष्य लिएको थियो ।

२) जन क्रान्ति २००७ :

बिपी कोइराला नेतृत्वको नेपाली कांग्रेसले निरंकुश राणा शासन विरुद्ध वि.सं. २००७ को क्रान्तिको नेतृत्व गरेका थियो जुन आन्दोलनले अन्ततः राणा शासनको अन्त्य गरी नेपालमा लोकतान्त्रिक सरकारको स्थापना भयो ।

३)  लोकतान्त्रिक संविधान:

बी.पी. कोइरालाले नेपालको प्रधानमन्त्रीको रूपमा, १९५९ मा देशको पहिलो लोकतान्त्रिक संविधानको मस्यौदा र प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेका थिए । यसले विगतको निरंकुश शासन व्यवस्थाको बैधानिक समापन गर्ने कार्य गर्यो ।

४)  चुनौती र निर्वासन:

बी.पी. कोइरालाले आफूले जग बसालेको विचार सहितको सरकारलाई स्थायित्व कायम गर्न चुनौ तिको सामना गर्नुपरेको थियो यसका बाबजुद उनको सरकारलाई मात्र नभई लोकतान्त्रिक व्यवस्था एवं परिपाटीको कलिलो उमेरमै वि.सं. २०१७ मा तत्कालीन राजा महेन्द्रद्वारा बर्खास्त गरियो । त्यसपछि राजा महेन्द्रले शासन गरे र कोइराला एक दशकभन्दा बढी जेल सजाय र भारतीय भुमिमा निर्वासनमा रहे ।

५)  निर्वासनमुक्त पछि राजनीतिक सक्रियता:

बी.पी. कोइराला सन् २०३६ मा नेपाल फर्किए र आफ्नो राजनीतिक सक्रियतालाई निरन्तरता दिए । उनले लोकतान्त्रिक सिद्धान्त, सामाजिक न्याय र लोकतान्त्रिक समाजवादको आफ्नो दृष्टिकोणको वकालत गरे ।

६)  विरासत र प्रभाव:

बी.पी. कोइरालाको लोकतान्त्रिक समाजवादको विचारले नेपाली कांग्रेसलाई प्रमुख राजनीतिक शक्ति बनाएर नेपाली राजनीतिमा प्रभाव पार्ने क्रम जारी रह्यो । सामाजिक न्याय र लोकतन्त्रमा उनको जोडले राजनीतिक परिदृश्यमा दिगो प्रभाव छोड्यो । बी.पी. कोइरालाको लोकतान्त्रिक समाजवाद आन्दोलनले नेपालमा लोकतालोकतान्त्रिक शासन व्यवस्थाको जग बसालेको थियो र उनको प्रयासले देशको राजनीतिक गतिलाई आकार दिन योगदान पुर्‍याएको थियो । विश्वेश्वर प्रसाद कोइराला, एक प्रमुख नेपाली राजनीतिक नेता, लेखक, र नेपालको पहिलो लोकतान्त्रिक निर्वाचित प्रधानमन्त्री थिए । उनको राजनीतिक दर्शन लोकतान्त्रिक आदर्श र समाजवादमा गहिरो जरा गाडिएको थियो ।

**बी.पी. कोइरालाको राजनीतिक दर्शन र लक्ष्यका केही मुख्य पक्षहरू**

**लोकतन्त्र:** बीपी कोइराला प्रजातन्त्रका दृढ थिए र स्वतन्त्रता, समानता र न्यायका सिद्धान्तमा विश्वास गर्थे । निरंकुश राणा शासनबाट लोकतान्त्रिक प्रणालीमा नेपालको संक्रमणकालमा उनले महत्वपूर्ण भूमिका खेलेका थिए । समाजवाद: कोइराला समाजवादी सिद्धान्तबाट प्रभावित थिए र नेपाली समाजमा रहेको सामाजिक-आर्थिक असमानतालाई सम्बोधन गर्ने लक्ष्य राखेका थिए । उनले जनताको हितलाई प्राथमिकता दिने र आर्थिक समानता प्रवर्द्धन गर्ने लोकतान्त्रिक समाजवादको परिकल्पना गरेका थिए ।

**राष्ट्रवाद:** राष्ट्रवादीका रूपमा कोइराला नेपालको सार्वभौमसत्ता र स्वाधीनताप्रति प्रतिबद्ध थिए । उनले राष्ट्रको पहिचान र एकतालाई सुदृढ गर्दै अन्य राष्ट्रसँग पनि पारस्परिक सम्मानका आधारमा सहयोग अभिवृद्धि गर्न खोजेका थिए ।

**भूमि सुधार:** कोइरालाले भूमि सम्बन्धी समस्यालाई सम्बोधन गर्नुको महत्त्व बुझे र गरिबी निवारण र ग्रामीण जनताको जीवनस्तर उकास्न भूमिसुधारको वकालत गरे । उनको सरकारले भूमिहीन किसानहरूलाई जग्गा पुन: वितरण गर्न केही उपायहरू लागू गर्यो ।

**शैक्षिक सुधार:** राष्ट्रिय विकासमा शिक्षाको महत्व बुझ्दै कोइरालाले साक्षरता दर बढाउन र सबै नागरिकलाई समान शिक्षाको अवसर प्रदान गर्न शैक्षिक सुधार गर्नुपर्नेमा जोड दिए ।

असंलग्न परराष्ट्र नीति: बीपी कोइराला असंलग्न परराष्ट्र नीतिका समर्थक थिए, जसले नेपाललाई अन्तर्राष्ट्रिय मामिलामा स्वतन्त्र अडान कायम राख्न वकालत गरेका थिए । उनले शीतयुद्धको समयमा कुनै विशेष गुटसँग पङ्क्तिबद्ध नगरी छिमेकी देशहरू र बृहत्तर विश्वव्यापी समुदायसँगको सम्बन्धलाई सन्तुलनमा राख्न खोजेका थिए ।

**संवैधानिकता:** कोइराला विधिको शासन र संवैधानिकतामा विश्वास गर्थे । वि सं.२०१५ मा नेपालको पहिलो लोकतान्त्रिक संविधानको मस्यौदामा उनको महत्वपूर्ण भूमिका थियो । बीपी कोइरालाको राजनीतिक दर्शन प्रगतिशील र सामाजिक-आर्थिक समस्यालाई सम्बोधन गर्ने लक्ष्यमा रहे पनि प्रधानमन्त्रीको रूपमा उनको कार्यकाल राजनीतिक अस्थिरता र बाह्य दबाबलगायतका चुनौतीहरूको सामना गर्नुपरेको थियो । यी चुनौतिहरूको बावजुद, लोकतन्त्रको स्थापना र सामाजिक न्यायको लागि उनको वकालतमा उनको योगदानले नेपालको राजनीतिक परिदृश्यमा दिगो प्रभाव छोडेको छ ।

**बर्तमान सन्दर्भ**

जसरी वि.पीको समाजबादी दर्शनले नेपाली जनताको मन जितेको थियो । वि.पी ले काङ्ग्रेसको नेतृत्व बहन गरिरहदा सबै बर्ग, जातजाति, समुदायको अपनत्व हुने गरि मिलाएर लगेका थिए । तर बी.पीको देहावसान पछि नेपाली काङ्गेसले केही गोरेटो छोड्न सुरु गरेकै हो । २०४७ पछिको नेपाली काङ्ग्रेसको सरकारले तत्कालीन परिस्थितिमा जग्गाको हदबन्दी निर्धारण गरी नेपाली काङ्ग्रेसको सरकारले आर्थिक न्याय र समानता स्थापित गर्न बी.पी.को चाहना बमोजिमआफ्नो समाजवादी कार्यक्रमको झलक दिन खोजेको देखिए पनि त्यसले निरन्तरता पाएको देखिदैन । वि.पी कै बिचारबाट सञ्चालित पार्टी भए पनि बी.पीको बिचारलाई आत्मसात् काङ्ग्रेसले गरेको देखिदैन । देश भित्रका सर्वहाराको नेतृत्व गर्ने पार्टीका नेताहरु पनि पुजीवादी बन्न चाहेको देखिन्छ ।

वर्तमान समयमै आइपुग्दा वि.पी कोइरालाका विचारलाई मुलमर्म मान्नुपर्नेमा जन्मजयन्ती, मेलमिलाप दिवस र स्मृति दिवसको दिन मात्र सम्झने गरेको गुनासो व्याप्त छ । अवसरबाट बञ्चीत र अवसरबाट लाभान्वीतविच द्वन्द्व चर्केको वर्तमान कांग्रेसमा गुट, उपगुट हावी हँदै गएको र भावनात्मक एकता सुदृढ हुन नसकेको आभाष भएको छ । संघर्षको लामो आयाम बोकेको काङ्ग्रेस पार्टीमा सामुहिक विकास भन्दा व्यक्ति विकासको नियती हावी हुदैछ । यसर्थ वि.पी जयन्ती देशभर मनाइरहदा यी विषयबाट कांग्रेसलाई सुधार्ने प्रण गर्नु प्रधान विषय हुन् ।

अहिलेको सन्दर्भमा मुलुकका प्रमुख राजनीतिक शक्तिहरु जुनसुकै नाम दिएर भए पनि बी.पी. कोइरालाको आर्थिक समानता र राजनीतिक स्वतन्त्रतालाई सङ्गै लाने प्रजातान्त्रिक समाजवादको वरपर रहेर हिंड्न खोज्दै गर्दा बी.पी.को आफ्नो पार्टीले कार्यकर्ता एवं सुभेच्छुकहरुलाई समाजवादी आर्थिक कार्यक्रमका बारेमा व्यापक प्रशिक्षण दिइ पार्टीलाई बलियो प्रजातान्त्रिक समाजवादी दलको रुपमा उभ्याउन सके मात्र बी.पी.प्रति सच्चा निष्ठा हुनेछ । वि.पिको समाजवादको आभास नेपाली जनतामा नेपाली काङ्ग्रेसले पुर्याउन सके मात्र वि.पी प्रति सच्चा न्याय हुनेछ ।

**सन्दर्भ सामग्री**

देबकोटा, गृष्म बहादुरः नेपालको राजनीतिक दर्पण प्रथम, काठमाडौ २०१६

गिरी, प्रदिपः नेपाली कांग्रेसको संक्षिप्त इतिहास, वनारस, तरुण प्रकाशन १९७४

गिरी, प्रदिपः विश्वेश्वरप्रसाद कोइराला, एक मूल्याङ्कन, समता अध्ययन केन्द्र, १९८४

पोखरेल, रामचन्द्रः प्रजातन्त्रका महान सेनानी विश्वेश्वरप्रसाद कोइराला, भट्टराई बन्धु वनारस, २०४०

मिश्र, डा. देवचन्द्रः विश्वेश्वरप्रसाद कोइराला और नेपाली राजनीति , मिश्रा प्रकाशन १९९६

अधिकारी, डा सूर्यमणिः नेपाली कांग्रेसको इतिहास, भुडि पुराण प्रकाशन बागबजार, काठमाडौ २०५९

पोखरेल, विपुलः नेपाली कांग्रेसको यात्रा, नेपाल प्रिन्टिङ सपोर्ट, अनामनगर काठमाण्डौ २०६७